# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय, Central Office

हरिहरभवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस विज्ञप्ति

१६ मंसिर २०७७

### व्यक्तिको सम्पत्ति र आवासको अधिकार सुनिश्चित गर

काठमाडौ उपत्यकाको बालाजु, बानेश्वर, खोकना लगायतका क्षेत्रहरुमा सडक विस्तारका नाममा प्रहरीहरु प्रयोग गरी काठमाडौ उपत्यका विकास प्राधिकरणले जबरजस्ती र जथाभावी घरहरु भत्काई यस क्षेत्रका व्यक्तिहरुको आवासको अधिकार हनन गरेको भनिएको घटनाका सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ र यस सम्बन्धमा आयोगले पटक पटक अनुगमन गरेको छ ।

काठमाडौको बालाजु बाइपास लगायतका क्षेत्रहरुमा रहेका ३९ घरहरुमा काठमाडौ उपत्यका बिकास प्राधिकरणद्वारा चाडवाडको समयमा समेत विना सूचना अचानक ठूलो संख्यामा प्रहरीहरु परिचालन गरी पटक पटक डोजर/स्काभेटर प्रयोग गरी सम्पत्ति नष्ट पारिएको र हालसम्म पनि निजहरुको नष्ट पारिएको सम्पत्तिको कुनै क्षतिपूर्ति उपलब्ध नगराइएको र निजहरुलाई कुनै वैकल्पिक बसोवासको व्यवस्था समेत नगरिएको आयोगको अनुगमनबाट पाइएको छ । साथै आफ्नो अधिकारको संरक्षणको लागि स्थानीय नागरिकहरुबाट विभिन्न समयमा शान्तिपुर्ण आन्दोलन र रिले अनसन समेत भइरहेको र त्यस्तो आन्दोलन तथा अनसन स्थलमा प्रहरी हस्तक्षेप र दुरव्यवहार समेत हुने गरेको पनि अनुगमनबाट बुझिएको छ ।

सो घटनाका सम्बन्धमा आयोगको केन्द्रीय कार्यालय र वागमती प्रदेश कार्यालयहरुबाट अनुगमन समेत भएको छ । नागरिकको हक अधिकारको संरक्षणको जिम्मेवारी राज्यका निकायहरुकै भएको हुँदा संविधानको धारा २५ र ३७, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, आर्थिक सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, आइएलओ महासन्धि नं. १६९ तथा संयुक्त राष्ट्रसंघिय आन्तरिक रुपमा विस्थापन सम्बन्धि निर्देशक सिद्धान्त १९९८ समेतको विपरित हुने गरी कार्य हुनु अत्यन्त दुखद छ । यस प्रकृतिको कार्यले व्यक्तिको आवास तथा सम्पत्ति सम्बन्धी हक लगायतका अधिकारहरुको उल्लंघन भएको देखिन्छ ।

अत: सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत व्यक्तिको घर भत्काई विस्थापित बनाउनुको साथै सम्पत्ति समेत नष्ट गरिएका व्यक्तिहरुको सम्पत्तिको उचित क्षतिपूर्तिको व्यवस्था गरी आवास तथा सम्पत्तिको अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

लोकनाथ बास्तोला
सहायक प्रवक्ता
(उप-सचिव)


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org website www.nhrcnepal.org